श्री ५ को सरकार

## कानून तथा न्याय मन्त्रालय

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले बनाइबक्सेको तल लेखिएबमोजिमको ऐन, सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

२०२२ सालको ऐन, नं. ८

स्वस्तिश्री गिरिराजचक्रचूडामणि नरनारायणेत्यादि विविध विरुदावली विराजमान-मानोन्नत महेन्द्रमाला ओजस्विराजन्य अति तेजस्वी त्रिभुवन प्रजातन्त्रश्रीपद अति कीर्तिमय नेपालश्रीपद प्रोज्ज्वल नेपालतारा ॐ रामपट्ट अतुलज्योतिर्मय त्रिशक्तिपट्ट अतिप्रबल गोरखा-दक्षिणबाहु महाधिपति अतिरथी परम सेनाधिपति श्री श्री श्री श्री श्रीमन्महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेव देवानाम् सदा समरविजयिनाम् ।

### राष्ट्रिय यातायात संगठन ऐन

प्रस्तावनाः– सर्वसाधारण जनताको सुविधा कायम राख्न देशको यातायात सेवाहरूको सञ्चालन सुसंगठित र सुव्यवस्थित गर्नका साथै त्यस्तो सेवाको विकाश कार्यलाई नियमितरूपले प्रोत्साहन दिन र सर्वसाधारण जनतालाई बढी से बढी यातायातको सुविधा उपलब्ध गराउने व्यवस्था गर्न वाञ्छनिय भएकोले,

श्री ५ महाराजाधिराज महेन्द्र वीर विक्रम शाहदेवबाट राष्ट्रिय पञ्चायतको सल्लाह र सम्मतिले यो ऐन बनाई बक्सेको छ ।

279

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद–१

## प्रारम्भिक

१. संक्षिप्त नाम, विस्तार प्रारम्भः– (१) यस ऐनको नाम राष्ट्रिय यातायात संगठन ऐन, २०२२ रहेको छ ।

(२) यो ऐन नेपाल अधिराज्यभर लागू हुनेछ ।

(३) यो ऐन श्री ५ को सरकारले नेपाल गजेटमा सूचना प्रकाशित गरी तोकि दिएको क्षेत्रमा सोही सूचनामा तोकिएको मिति देखि प्रारम्भ हुनेछ ।

२. परिभाषाः–विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः–

(क) "संगठन" भन्नाले राष्ट्रिय यातायात संगठन सम्झनु पर्छ ।

(ख) "सवारीको साधन" भन्नाले मोटर, कार, वस, लरी, ट्रक, वा गैर सैनिक सेवामा प्रयोग हुने वायुयान, रोप्वे वा रेल्वेलाई जनाउँछ ।

(ग) "यातायात सेवा" भन्नाले भाडा लिई एक ठाउँबाट अर्को ठाउँसम्म चालक बाहेक ६ वा ६ भन्दा बढी यात्रुहरू ओसार्ने वा ओसार्न सक्ने क्षमता भएको मोटरकार, वस, लरी, ट्रक वा अरू कुनै मोटर सवारीलाई सम्झनु पर्छ ।

## परिच्छेद–२

## स्थापना र प्रबन्ध

३. संगठनको स्थापनाः–(१) राष्ट्रिय यातायात संगठन नामले एक संगठन संस्थापित हुनेछ ।

(२) संगठन अनवच्छिन्न उत्तराधिकारवाला एक स्वसासित र संगठित संस्था हुनेछ ।

(३) संगठनको आफ्नो छुट्टै एउटा छाप हुनेछ ।

(४) संगठनको मुख्य अफिस काठमाडौंमा रहनेछ र संगठनले नेपाल अधिराज्यभित्र आफ्नो शाखा वा अफिसहरू खोल्न सक्नेछ ।

(५) संगठनले आफ्नो नामबाट नालिस उजूर गर्न र संगठन उपर पनि सोही नामले नालिस उजूर लाग्न सक्नेछ ।

४. संगठनको गठन तथा सदस्यहरूको पदावधिः– (१) संगठनमा श्री ५ को सरकारबाट मनोनित गरिएका बढीमा ७ जना सदस्यहरू रहनेछन् । निजहरू श्री ५ को सरकारको इच्छानुसारको अवधि सम्म आफ्नो पदमा बहाल रहनेछन् ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) संगठनको कुनै सदस्य केही अवधिको निमित्त संगठनको सभामा उपस्थित हुन असमर्थ भएमा सो असमर्थ भएको अस्थायी अवधिका लागि श्री ५ को सरकारले कुनै पनि व्यक्तिलाई संगठनको अस्थायी सदस्यमा नियुक्त गर्न सक्नेछ ।

५. सदस्यहरूमा हेर फेर गर्न सकिने:– श्री ५ को सरकारले सूचित आदेशद्वारा संगठनको सदस्यहरूमा समय समयमा आवश्यकतानुसार हेर फेर गर्न सक्नेछ ।

६. संगठनको कर्मचारी उपर प्रतिवन्ध:– संगठनको कुनै पनि सदस्य वा कर्मचारीले संगठन सम्बन्धित कुनै ठेक्का पट्टामा हिस्सेदार हुनु हुँदैन ।

## परिच्छेद–३

## संगठनको काम कर्तव्य र अधिकार

७. संगठनको कर्तव्य:– यातायातको विकास तथा समस्याहरूमा श्री ५ को सरकारमा समय-समयमा सुझाव सहितको रिपोर्ट दिनु संगठनको कर्तव्य हुनेछ ।

८. संगठनले गर्न सक्ने काम कारवाई:– यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियमहरूको अधीनमा रही देशको आर्थिक तथा औद्योगिक विकासको लागि यातायातको कामलाई प्रोत्साहन दिनु, नियन्त्रण गर्नु तथा देहायको काम गर्नु संगठनको अधिकार हुनेछ ।

(क) यातायात सेवा सम्बन्धी विभिन्न कम्पनी, संस्था तथा संस्थानहरूलाई आवश्यकता अनुसार निर्देशन दिने ।

(ख) आवश्यकता अनुसार समय समयमा मालसामान ढुवानिको प्राथमिकता तोकि सो प्राथमिकता अनुसार मालसामान परिवहन गर्न विभिन्न यातायात सेवासंग सम्बन्धित व्यक्ति, कम्पनी, संस्था वा संस्थानहरूलाई निर्देशन दिने ।

(ग) यातायात सेवा सञ्चालन गर्ने क्षेत्र तथा बाटोहरू तोक्ने र तत्सम्बन्धी शर्तहरू निर्धारित गर्ने ।

(घ) नेपाल अधिराज्यको विभिन्न जिल्ला इलाकाहरूमा यातायात सेवाको विकास गर्ने र नयाँ बाटो घाटो निर्माण गर्ने कार्यहरूमा तर्जुमा भएका योजनाहरूमा प्राथमिकता तोक्न र तत्सम्बन्धी कार्यहरू निश्चित गर्न श्री ५ को सरकारलाई सल्लाह दिने ।

(ङ) कुनै किसिमको यातायात सेवा चलाउने उद्देश्यले बनेका फर्म, कम्पनी संस्था तथा संस्थानहरूलाई त्यस्तो सेवा चलाउने इजाजत दिने ।

(च) नेपाल अधिराज्य र अधिराज्यका सिमाना जोडिएका देशहरूका बीच एक देशको सवारी अर्को देशमा आवागमन गर्ने वा सार्वजनिक यातायात सेवाको

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
222

रूपमा नियमित रूपले सञ्चालन गर्ने आवश्यक देखिएमा तत्सम्बन्धी नीति तथा कार्य प्रणाली आदि निर्धारण गर्ने ।

(छ) अधिराज्यमा यातायात सेवाको सुसञ्चालन, सुसंगठन तथा विकास गर्ने उद्देश्यले आर्थिक तथा प्राविधिक अध्ययन तथा अनुसन्धान संगठनले आफै वा अन्य कुनै अधिकारी, अफिस वा एजेन्सीद्वारा गर्ने गराउने ।

(ज) नेपाल अधिराज्यभित्र यातायातको साधनलाई राम्रो स्तरमा ल्याउन अन्य आवश्यकीय काम कारबाई गर्ने, र

(झ) देशको विकास कार्यहरूमा सक्दो मद्दत पुन्याउन र नागरिकहरूलाई सर्वाधिक सुविधा उपलब्ध गराउने अभिप्रायले देश भित्र तथा वाहिर आवश्यक ठाउँहरूमा क्लियरिङ्ग र फर्वाडिङ एजेन्सीहरूको स्थापना र त्यस सम्बन्धमा चाहिंदो सबै काम कारवाई गर्ने ।

९. संगठनलाई निर्देशन दिनेः— श्री ५ को सरकारले समय समयमा आवश्यकतानुसार संगठनलाई निर्देशन दिन सक्नेछ र संगठनले पनि त्यस्ता निर्देशनहरूलाई यथाशीघ्र पालना गर्नु पर्नेछ ।

१०. संगठनको अधिकार मान्य हुनेः— यस ऐनद्वारा संगठनलाई प्रदान गरिएको अधिकारको प्रचलन गर्दा सो अधिकार र कुनै व्यक्ति वा संगठित संस्थाहरूलाई प्राप्त भैरहेको अधिकार आपस्तमा वाझिन गएमा संगठनको अधिकार नै मान्य हुनेछ । तर–

कुनै विशेष ऐनद्वारा प्राप्त अधिकारमा वाधा पर्न गएमा सो ऐनमा हर्जानाको व्यवस्था गरिएको भए सोही बमोजिम र त्यस्तो व्यवस्था नभएमा संगठनको निर्णयबाट ठहरे बमोजिमको उचित हर्जाना संगठनबाट दिने दिलाइनेछ ।

## परिच्छेद–४

## संगठनको कोष, हिसाब र जांच

११. संगठनको आम्दानी खर्च र हिसाव राख्ने तरीकाः— (१) संगठनको सबै आवश्यक खर्चको लागि पर्याप्त रकम श्री ५ को सरकारले प्रति वर्ष छुट्याई दिनेछ र संगठनलाई आम्दानी हुने सबै रकम श्री ५ को सरकारको कोषमा जम्मा गरिनेछ ।

(२) संगठनको आम्दानी खर्चको हर हिसाव श्री ५ को सरकारद्वारा तोकिएको ढाँचा र तरीका अनुसार राखिनेछ ।

(३) संगठनको हर हिसावको जाँच श्री ५ को सरकारले नियुक्त गरेको लेखा परीक्षकद्वारा हुनेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

परिच्छेद–५

दण्ड सजाय तथा अपील

१२. दण्ड सजायः– (१) संगठनले यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियम अन्तर्गत दिएका आदेश वा निर्देशनको कसैले पालन नगरेमा त्यस्तो पालन नगर्ने व्यक्ति र संगठित संस्था वा फर्म भए त्यस्तो संस्थाको सञ्चालक वा सम्बन्धित अधिकारी वा व्यक्तिलाई रू. २०००।– दुई हजारसम्म जरिवाना हुन सक्नेछ ।

(२) कसैले उप–दफा (१) मा लेखिए देखि बाहेक यो ऐन वा यस ऐन अन्तर्गत बनेको विनियमहरू उल्लंघन गरेमा रू. २०००।– दुई हजारसम्म जरिवाना वा १ एक वर्षसम्म कैद वा दुवै हुन सक्नेछ ।

१३. अधिकार क्षेत्रः– (१) दफा १२ को उप–दफा (१) बमोजिम सजाय हुने मुद्दा मामिलामा आवश्यक कुरा बुझि ठाडो कारवाई र किनारा गर्ने अधिकार संगठनलाई हुनेछ, र संगठनले गरेको निर्णयमा चित्त नबुझ्ने व्यक्तिले ३५ दिनभित्र प्रचलित नेपाल कानून बमोजिम अञ्चल अदालतमा अपील गर्न सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम संगठनले कारवाई र किनारा गर्न पाउने बाहेकका यस ऐन अन्तर्गतका अरू मुद्दा मामिलाको वा संगठन वादी वा प्रत्येवादी भएको कुनै पनि मुद्दा मामिलामा शुरू कारवाई गर्ने अधिकार अञ्चल अदालतलाई हुनेछ :

परिच्छेद–६

विविध

१४. विशेष अवस्थामा संगठनले आदेश दिन सक्ने संगठनको अधिकार (१) नेपाल अधिराज्यको कुनै भागमा खाद्यान्न, दैनिक उपभोगका अरू सामानहरू वा विकास सम्बन्धी मालसामान-हरू तुरून्तै ढुवानी गर्नुपर्ने, असाधारण परिस्थिति उत्पन्न भएको संगठनले महसूश गरेमा सम्बन्धित क्षेत्रभित्र चल्ने वा चली रहेको कुनै वा सबै यातायातका साधनहरूलाई संगठनले आदेशद्वारा तोकिदिएको समयको लागि सोही आदेशमा तोकिए बमोजिमको तरीका र शर्तहरुमा चलाउने आदेश वा निर्देशन दिन सक्नेछ र आवश्यक परेमा सो यातायातको साधनलाई संगठनले आदेशद्वारा तोकिदिएको अवधिको लागि आफ्नो कब्जामा लिई प्रयोग गर्न वा गराउन सक्नेछ ।

(२) उप–दफा (१) बमोजिम संगठनले कुनै आदेश जारी गरेमा अवस्थानुसार संगठनले मनासिव सम्झेको हर्जाना सो यातायातको साधनको धनीलाई दिनेछ ।

१५. विनियम बनाउने अधिकारः– (१) यस ऐनको अधीनमा रही संगठनले आवश्यक र उप-युक्त भएका सबै कुरामा श्री ५ को सरकारको स्वीकृति लिई विनियमहरू बनाउन सक्नेछ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–दफा (१) को अधिकारको सर्व सामान्यतामा कुनै प्रतिकूल प्रभाव नपारी ती विनियमहरूमा खास गरी देहायका कुराहरूको व्यवस्था हुन सक्नेछ ।

(क) यो ऐन अन्तर्गत दिइने इजाजत वापत लाग्ने दस्तूर र तत्सम्बन्धी शर्तहरू ।

(ख) संगठनको सभा बोलाउने, त्यस्को कार्य सञ्चालन र त्यसमा उपस्थित हुँदा पाउने पारिश्रमिक ।

(ग) यो ऐनको उद्देश्यहरू कार्यान्वित गर्नको निमित्त चाहिने प्राविधिक र अरू सल्लाहकारहरूको नियुक्ति र तत्सम्बन्धी अन्य शर्तहरू ।

(घ) यातायात सेवा एक स्थानबाट अर्को स्थानको लागि प्रस्थान गर्ने र पुग्ने समय निर्धारित गर्ने ।

(ङ) विभिन्न किसिमका सवारीहरूको सम्बन्धमा विभिन्न क्षेत्रहरूमा सवारीहरूको संख्या वा किसिम तोक्ने ।

(च) साधारणतः संगठनको काम कुराहरूलाई कुशलता पूर्वक सञ्चालन गर्न आवश्यक भएका अरू सबै कुराहरू ।

१६. बचाउः– अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भएतापनि यो ऐन र यस ऐन अन्तर्गत बनेको विनियममा लेखिएको कुरामा सोही बमोजिम र अरूमा अन्य प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

लालमोहर सदर मिति २०२२।५।६।१

आज्ञाले–
विनोदप्रसाद धिताल,
श्री ५ को सरकारको सचिव ।

श्री ५ को सरकारको छापाखानामा मुद्रित

मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।